# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०५।२५ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।०५।२४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
भोला दाहाल

<u>देहायः</u>

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठ समेत ७ जना प्रतिवादीहरु भएको मुद्दा नं. ०७५-CR-०१६३), फैसला मितिः २०७९/१०/२३ | गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको। | प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठले निज त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, भन्सार कार्यालय, काठमाडौंमा सार्वजनिक सेवा प्रवेश गरेको मिति २०५३/१२/०५ गतेदेखि मिति २०७५/०९/३० गतेसम्म समग्र जाँच अवधिमा आर्जन गरेको वैध आय **रु. ९,६३,०८,८२७।२० (अक्षरुपी नौ करोड त्रिसठ्ठी लाख आठ हजार आठ सय सत्ताईस रुपैयाँ र बीस पैसा)** को तुलनामा सोही अवधिमा निजले **रु. १९,७४,५५,८१६।०८ (अक्षरुपी उन्नाईस करोड चौहत्तर लाख पचपन्न हजार आठ सय सोह्र रुपैयाँ र आठ पैसा)** लगानी तथा खर्च (व्यय) गरेको देखिँदा निजको आय भन्दा बढी खर्च गरेको रकम **रु. १०,११,४६,९८८।८८ (अक्षरुपी दश करोड एघार लाख छयालीस हजार नौ सय अठासी रुपैयाँ र अठासी पैसा)** बराबरको सम्पत्तिको स्रोत खुलेको नदेखिएको र उक्त स्रोत नखुलेको सम्पत्तिबाट बढी बढाउ गरेको **रु. ४,४९,७७,४९०।- (अक्षरुपी चार करोड उनन्चास लाख सतहत्तर हजार चार सय नब्बे रुपैयाँ)** समेत गरी कूल जम्मा **बिगो रु. १४,६१,२४,४७८।८८ (अक्षरुपी चौध करोड एकसाठ्ठी लाख चौबीस हजार चार सय अठहत्तर रुपैयाँ र अठासी पैसा)** बराबरको सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको देखिँदा प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवम् प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि भएकोले **बिगो रु. १४,६१,२४,४७८।८८ (अक्षरुपी चौध करोड एकसाठ्ठी लाख चौबीस हजार चार सय अठहत्तर रुपैयाँ र अठासी पैसा)** कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ | फैसलाः<br>प्रतिवादीहरुलाई आंशिक ठहर तथा सफाई।<br>विशेष अदालतले आंशिक ठहर गर्दा तथा सफाई दिंदा लिएका आधारहरुः<br>• **<u>आयतर्फः</u>**<br>**(क) प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठको पारिश्रमिक बचतः**<br>यस शीर्षकमा आयोगबाट जम्मा १८,१६,९४८।— आय गणना गरिएकोमा प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठले मध्यपुर अस्पताल प्रा.लि.मा काम गरी पारिश्रमिक पाएको र सोलाई उक्त अस्पतालको च.नं. ५६ मिति २०७८/०४/३१ गतेको पत्रबाट पुष्टि गरेकोले उक्त रकम गणना गरी र जीवन निर्वाह वापत पारिश्रमिकको ३०% को सट्टा २०% मात्र कट्टा गरी बाँकी आयमा गणना गरी निज प्रतिवादीको जाँच अवधिमा वैधानिक आय रु. ४८,९६,१९५।— थप गरी जम्मा रु. ६७,१३,१४३।— कायम हुनुपर्ने जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, उक्त अस्पतालमा काम गर्न निज प्रतिवादीले निजामती सेवा ऐन बमोजिम अनुमति वा स्वीकृति लिएको प्रमाण पेश गरेको नदेखिएकोले र राष्ट्रसेवकको जम्मा पारिश्रमिकमा १०% सञ्चय कोष कट्टा गरी बाँकी रकमको ३०% जीवन निर्वाह वापत छुट्याई ७०% पारिश्रमिक आयमा गणना गर्ने र एकासगोलका एक जनाभन्दा बढी परिवारका सदस्य राष्ट्रसेवकको रुपमा कार्यरत भएमा अन्य परिवारका सदस्यको पारिश्रमिकमा १५% जीवन निर्वाह वापत छुट्याई बाँकी ८५% पारिश्रमिक आयमा गणना गर्ने भनी सर्वोच्च अदालतबाट न्यायिक सिद्धन्त प्रतिपादित भएकोले प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठको मिति २०४०/०१/०२ देखि मिति २०५३/०८/१८ | प्रस्तुत मुद्दामा वादी र प्रतिवादीको अन्यथा जिकिर नभएका तथा मुख मिलेका आय/व्ययतर्फका शीर्षकहरु बाहेक, विशेष अदालतबाट देहाय बमोजिमका आय/व्ययतर्फका शीर्षकहरुमा र प्रतिवादीले खरिद गरिएका सम्पत्ति मध्ये स्रोत नखुलेका सम्पत्ति बिक्री गरी बढे बढाएका सम्पत्तिको सम्बन्धमा आयोगले मूल्याङ्कन गरी कायम गरेको रकमलाई मान्यता नदिई अन्यथा तथा फरक अंक रकम कायम गरी भएको फैसला देहाय बमोजिमका कानुनी आधार र प्रमाणहरुबाट सो हदसम्म त्रुटिपूर्ण रहेको छः<br>• **<u>आयतर्फः</u>**<br>**(क) प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठको पारिश्रमिक बचतः**<br>(अ) केन्द्रीय तथ्याङ्क विभागको पत्र र प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठले खुलाए अनुसार निज प्रतिवादी २०४० सालदेखि २०४९ सालसम्म केन्द्रीय तथ्याङ्क विभागमा अस्थायी टाईपिष्ट मुखिया र अस्थायी ना.सु. (प्रा.) पदमा कार्यरत रहेकोमा उक्त अवधिमा निज प्रतिवादीले प्राप्त गरेको तलब, निजको बुवा प्रतिवादी ज्ञानकृष्ण श्रेष्ठले सरकारी सेवामा रही प्राप्त गरेको तलब भत्ता र निज प्रतिवादीका एकासगोलका परिवारका सदस्यहरु/प्रतिवादीहरुको अन्य वैद्य आय समेत र उक्त अवधिमा भएको व्यय तथा लगानी समेत गरी आय-व्ययको मूल्याङ्कन तथा विश्लेषण गर्दा, प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठको कूल तलब र कमिशन तथा बुवा प्रतिवादी ज्ञानकृष्ण श्रेष्ठको तलब समेत गरी रु. ३,८२,४२९।७५ र प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठको भाई प्रतिवादी रामकृष्ण श्रेष्ठको नामको जिल्ला भक्तपुर, बालकुमारी-२ को कि.नं. ८०७, ८०८, ८०९ र ८११, क्षेत्रफल ०-२-३-० को जग्गा बिक्रीबाट प्राप्त रु. ५५,०००।- समेत गरी जम्मा आय रकम रु. ४,३७,४२९।७५ बाट प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठको नाममा जिल्ला भक्तपुर, बालकोट-९ को कि.नं. १४३८, १४३७, ८०७ र ८११ को जम्मा क्षे.फ. ०-६-३-० को जग्गा खरिद रकम रु. ४४,३००।– र निज प्रतिवादी र निजको श्रीमति तारादेवी श्रेष्ठको संयुक्त नाममा रहेको जिल्ला भक्तपुर, मध्यपुर ठिमी-१३ को कि.नं. ३४० क्षे.फ. ४९.९० व.मि.मा बनेको घर निर्माणको तत्कालीन लागत रकम रु. २५,७१,६९३।७६ (आयोगको मूल्याङ्कन प्रतिवेदन अनुसार) |

को दफा १५; दफा १६ग तथा दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम जरिवाना र कैद सजाय हुन र साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग तथा दफा २९; प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) तथा दफा ४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम गैरकानूनी रुपमा आर्जन गरेको चल/अचल सम्पत्ति जफत/असुल उपर हुन मागदावी लिइएको।

साथै, प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठले निजको जेठी श्रीमति तारादेवी श्रेष्ठ, कान्छी श्रीमति रेखा श्रेष्ठ, बुवा ज्ञानकृष्ण श्रेष्ठ, आमा चन्द्रदेवी च्वामू श्रेष्ठ, भाई रामकृष्ण श्रेष्ठ र भाई बुहारी रविना प्रधानाङ्ग श्रेष्ठको नाममा गैरकानूनी रुपमा आर्जन गरेका सम्पत्ति बदनियतसाथ लुकाई-छिपाई राखेको देखिँदा निजहरूको नाममा रहेका स्रोत नखुलेका चल/अचल सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग तथा दफा २९; प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) तथा दफा ४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत हुन मागदावी लिइएको र स्रोत नखुलेका सम्पत्ति बराबरको भाग जफत गर्ने प्रयोजनार्थ मात्र तारादेवी श्रेष्ठ, रेखा श्रेष्ठ, ज्ञानकृष्ण श्रेष्ठ, चन्द्रदेवी च्वामू श्रेष्ठ, रामकृष्ण श्रेष्ठ र रविना प्रधानाङ्ग श्रेष्ठलाई प्रतिवादी कायम गरिएको।

विशेष अदालत, काठमाण्डौबाट प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठ र निजका एकासगोलका परिवारका सदस्यको जाँच अवधिको समग्र व्यय जम्मा **रु. १८,८२,२५,७३५।९० (अक्षरुपी अठार करोड बयासी लाख पच्चीस हजार सात सय पैंतिस रुपैयाँ र नब्बे पैसा)** र जाँच अवधिको सम्मको अनुसन्धानको मिसिलमा उल्लेख भएबमोजिमको अस्थायी अवधिको जम्मा तलब भत्ता रु. १,१६,५८५।-, मिति २०५३/१२/०५ देखि २०७४ माघ मसान्तसम्मको जम्मा रु. २५,९५,६४०।- र २०७४ फागुन देखि २०७५ पुससम्मको जम्मा रु. २,९२,९५२।- गरी जम्मा तलबभत्तामा जीवन निर्वाह वापतको ३०% कट्टा गरी कूल जम्मा रु. २१,०३,६२३।४० कायम हुने देखिएको।

**(ख) प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठको कमिशनः**

यस शीर्षकमा आयोगबाट कायम भएको रु. ९,७८०।— को सट्टा जम्मा रु. २८,५५४।— कायम हुनुपर्ने भनी प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठको जिकिर रहेकोमा निज प्रतिवादीले पेश गरेका प्रमाण र अदालतको आदेशानुसार प्राप्त कागजातका आधारमा निज प्रतिवादी भन्सार कार्यालयमा रहँदा कमिशन रकम रु. ३५,७०४।- प्राप्त गरेको देखिँदा उक्त कमिशन रकमलाई निजको आयमा गणना हुने देखिएको।

**(ग) प्रतिवादी ज्ञानकृष्ण श्रेष्ठको पारिश्रमिक बचतः**

(अ) यस शीर्षकमा आयोगबाट जाँच अवधिमा प्रतिवादी ज्ञानकृष्ण श्रेष्ठको निजामती सेवामा रहँदा जीवन निर्वाह वापतको रकम कट्टा गरी जम्मा रु. २०,४६,७०९।८५ गणना गरिएकोमा निज प्रतिवादीले मध्यपुर अस्पताल लगायतका विभिन्न निकायमा काम गरेवापतको पारिश्रमिक रकम गणना गर्नुपर्ने भनी जिकिर लिएको। यस सम्बन्धमा, प्रतिवादीले बयानसाथ पेश गरेको लिखत र अदालतको आदेशानुसार प्राप्त मध्यपुर अस्पताल प्रा.लि., शंखधर चोक, मध्यपुर थिमि, भक्तपुरको च.नं. ५६ मिति २०७८/०४/३१ र मिति २०७५/०८/१६ को पत्रबाट निज प्रतिवादीले कर कट्टा गरी कर बाहेक खुद रकम रु. ४९,०७,४१७।७७ पारिश्रमिक वापत बुझेको समेत गरी जम्मा खर्च तथा लगानी (व्यय) रकम रु. २६,१५,९९३।७६ घटाउँदा प्रतिवादीहरुको आय ऋणात्मक अर्थात् बचत भएको नदेखिएको।

(आ) प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, भन्सार कार्यालय, काठमाडौंमा रेडियो अपरेटर पदमा प्रवेश गरेको मिति २०५३/१२/०५ गतेदेखि सरकारी सेवामा रहेको मिति २०७५/०९/३० गतेसम्मको अवधिलाई विभिन्न ३९ खण्डमा वर्गीकरण गरी निज प्रतिवादीको सम्पत्तिको जाँच अवधि कायम गरी आय र व्ययलाई छुट्टाछुट्टै मूल्याङ्कन तथा विश्लेषण गरिएको।

(इ) यस्तो अवस्थामा अनुसन्धानको क्रममा अस्थायी पदमा कार्यरत रहँदाको अवधिमा निज प्रतिवादी समेतको आय ऋणात्मक अर्थात् बचत भएको नदेखिएको र उक्त अस्थायी अवधि निज प्रतिवादीको कायम गरिएको जाँच अवधिभित्र समेत समावेश भएको नदेखिएकोले सम्मानित विशेष अदालतबाट आयोगबाट प्रतिवादीको जाँच अवधि नै समावेश नगरिएको मिति २०४०/०१/०२ गतेदेखि मिति २०५३/०८/१८ गतेसम्मको अस्थायी जागिरको अवधिको जम्मा तलबभत्ता रु. १,१६,५८५।–कायम गरी पारिश्रमिक बचत आयमा समावेश गरिनु सो हदसम्म त्रुटिपूर्ण रहेको।

(ई) त्यसैगरी, आयोगले प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठको मिति २०५३/१२/०५ गतेदेखि मिति २०७५/०९/३० गतेसम्मको जीवन निर्वाह खर्च कटाई पारिश्रमिक बचत रु. १८,१६,९४८।— कायम गरिएकोमा सम्मानित अदालतबाट कुनै वस्तुनिष्ठ तथा वास्तविक प्रमाणको उल्लेख तथा विवेचना नै नगरी स्पष्ट मूल्याङ्कन र विश्लेषण नगरी आयोगले कायम गरेको पारिश्रमिक बचतमा दोहोरो कायम हुने गरी निज प्रतिवादीको २०७४ फागुनदेखि २०७५ पुससम्मको जम्मा रु. २,९२,९५२।– तलबभत्ता कायम गरी पारिश्रमिक बचत आयमा समावेश गरिनु सो हदसम्म त्रुटिपूर्ण रहेको।

**(ख) प्रतिवादीहरु ज्ञानकृष्ण श्रेष्ठ, रामकृष्ण श्रेष्ठ र रविना प्रधानाङ्ग श्रेष्ठको पारिश्रमिक बचतः**

(अ) प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठ उपरको गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विस्तृत अनुसन्धान भएर निज प्रतिवादी सार्वजनिक सेवामा प्रवेश गरेको २०४० सालदेखि मिति २०६६/०३/३०

| | | | | | |
|---|---|---|---|---|---|
| | | | समग्र वैधानिक आय **रु. १६,५३,५१,६०३।७० (अक्षरुपी सोह्र करोड त्रिपन्न लाख एकाउन्न हजार छ सय तीन रुपैयाँ र सत्तरी पैसा)** देखिई प्रतिवादीले **रु. २,२८,७४,१३२।२० (अक्षरुपी दुई करोड अठ्ठाईस लाख चौहत्तर हजार एक सय बत्तीस रुपैयाँ र बीस पैसा)** बराबरको रकमको स्रोत पुष्टि गर्न सकेको नदेखिँदा प्रतिवादीले श्रोत नखुलेको **रु. २,२८,७४,१३२।२० (अक्षरुपी दुई करोड अठ्ठाईस लाख चौहत्तर हजार एक सय बत्तीस रुपैयाँ र बीस पैसा)** बराबरको सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको देखिँदा निजले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि भएकोले प्रतिवादी श्यामकृष्ण ज्वामू श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५; दफा १६ग तथा दफा २९ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम **बिगो रु. २,२८,७४,१३२।२० (अक्षरुपी दुई करोड अठ्ठाईस लाख चौहत्तर हजार एक सय बत्तीस रुपैयाँ र बीस पैसा)** बमोजिम जरिवाना र कसूरको मात्रा अनुसार १ (एक) वर्ष ३ महिना कैद सजाय भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम आरोपपत्रमा उल्लिखित प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठको नामको श्रोत नखुलेको सम्पत्ति मध्येबाट **रु. २,२८,७४,१३२।२० (अक्षरुपी दुई करोड अठ्ठाईस लाख चौहत्तर हजार एक सय बत्तीस रुपैयाँ र बीस पैसा)** बराबरको सम्पत्ति जफत हुने ठहरी फैसला भएको र अन्य प्रतिवादीहरु तारादेवी श्रेष्ठ, रेखा श्रेष्ठ, ज्ञानकृष्ण श्रेष्ठ, चन्द्रदेवी च्वामू श्रेष्ठ, रामकृष्ण श्रेष्ठ र रविना प्रधानाङ्ग श्रेष्ठ उपरको आरोपदावी समेत पुग्न नसक्ने ठहरी फैसला भएको। | देखिएको र आन्तरिक राजश्व कार्यालय, भक्तपुरको च.नं. १०१११ मिति २०७५/०९/०२ को पत्रबाट निज प्रतिवादीलाई उक्त अस्पतालबाट पारिश्रमिक भुक्तानी गर्दा कर कट्टा गरिएको देखिएको।<br>(आ) अर्थ मन्त्रालयको च.नं. १४०४ मिति २०६४/१०/२० को पत्रबाट निज प्रतिवादीले निजामती सेवाबाट अवकाश भएपछि मिति २०६४/१०/०२ देखि मिति २०६५/०५/१० सम्म उपसचिव सरहको सुविधा पाउने गरी परामर्शदाताको रुपमा नियुक्त भएको देखिँदा सो अवधिको करिब रु. १,००,०००।- रकममा जीवन निर्वाह वापतको रकम कट्टा गरी बाँकी निज प्रतिवादीको पारिश्रमिक आयमा थप गणना हुने नै देखिएको।<br>(इ) प्रतिवादी ज्ञानकृष्ण श्रेष्ठले निजामती सेवामा रहँदा प्राप्त गरेको पारिश्रमिक, अर्थ मन्त्रालयमा परामर्शदाताको रुपमा काम गर्दाको पारिश्रमिक र मध्यपुर अस्पतालबाट प्राप्त गरेको पारिश्रमिकको कर र जीवन निर्वाह वापतको रकम कट्टा गरी बाँकी रु. ५८,२९,१८१।५ निजको पारिश्रमिक आयमा थप गणना हुनुपर्ने देखिएता पनि लिखित बहसनोटमै प्रतिवादी ज्ञानकृष्ण श्रेष्ठको औषधी उपचार, पेन्सन र पारिश्रमिक समेतमा गरी जम्मा रु. ५०,८१,६२९।– आय गणना हुनुपर्ने भनी जिकिर लिएको देखिँदा निज प्रतिवादीले जिकिर लिएको अङ्क रु. ५०,८१,६२९।– मा निजको औषधी उपचार र पेन्सनको रकम गरी जम्मा रु. १४,१०,३६४।७५ घटाउँदा पारिश्रमिक शीर्षकमा जम्मा रु. ३६,७१,२६४।२५ मात्र गणना हुन सक्ने देखिएको।<br>**(घ) प्रतिवादी ज्ञानकृष्ण श्रेष्ठको विदेश भ्रमण भत्ताः** | गतेसम्मको जाँच अवधिको समग्र आय-व्ययको मूल्याङ्कनबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम आयोगको निर्णय संख्या २१५ मिति २०६६/०८/१५ गतेको निर्णयानुसार उक्त मुद्दा तामेलीमा राखिएको। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम तामेलीमा रहेको उक्त मुद्दामा आयोगबाट पुनः अनुसन्धान र तहकिकात भई प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठ उपर र निज प्रतिवादीका एकासगोलको परिवारका सदस्यहरुका नाममा स्रोत नखुलेका चल/अचल सम्पत्ति र सो स्रोत नखुलेका सम्पत्तिबाट बढे-बढाएका सम्पत्ति जफत गर्ने प्रयोजनार्थ निज प्रतिवादीको जेठी श्रीमति तारादेवी श्रेष्ठ, कान्छी श्रीमति रेखा श्रेष्ठ, बुवा ज्ञानकृष्ण श्रेष्ठ, आमा चन्द्रदेवी च्वामू श्रेष्ठ, भाई रामकृष्ण श्रेष्ठ र भाई बुहारी रविना प्रधानाङ्ग श्रेष्ठलाई प्रतिवादी कायम गरी विशेष अदालतमा मिति २०७५/१०/१५ गते प्रस्तुत मुद्दा दायर भएको।<br>(आ) मध्यपुर अस्पताल प्रा.लि.को च.नं. १२०/०७५/०७६ मिति २०७५/०८/१६ को पत्रबाट शुरुको वर्षमा उक्त अस्पताल प्रतिवादी रामकृष्ण श्रेष्ठको एकल नाममा मिति २०६७/०५/१४ गते कम्पनी दर्ता गरी सञ्चालन भएकोमा २०६८ सालबाट उक्त अस्पताल बहुल कम्पनीको रुपमा सञ्चालन गरिएकोमा हाल ६५ जना शेयर सदस्यहरुबाट रु. १३,३१,१९,९००।– शेयर रकम लगानी रहेको र नेपाल बैंक लिमिटेडसँग रु. ८,८१,००,०००।– ऋण लिइएकोमा हाल आ.व. २०७४/०७५ सम्म रु. ३,५१,३१,११६।९१ ऋण चुक्ता हुन बाँकी रहेको तथ्य खुलेको देखिन्छ। उक्त अस्पतालको सोही पत्रसाथ प्राप्त आ.व. २०६७/०६८ देखि आ.व. २०७५/०७६ (कार्तिक सम्म) को पारिश्रमिक विवरण र शेयर लगानीको विवरण समेत विश्लेषण गर्दा, उक्त अस्पतालमा पूर्णकालीन रुपमा अध्यक्ष पदमा कार्यरत प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठका बुवा प्रतिवादी ज्ञानकृष्ण श्रेष्ठको ९ वर्षको तलब रु. ५५,३३,५००।-; पूर्णकालीन रुपमा Managing Director र Orthopedic Consulting Doctor भई कार्यरत निज प्रतिवादीका भाई प्रतिवादी डा. रामकृष्ण श्रेष्ठको ९ वर्षको तलब रु. ५८,१४,७००।-; पूर्णकालीन रुपमा Medical Director र Gynaecologist Consulting Doctor भई कार्यरत निज प्रतिवादीका भाई बुहारी डा. रविना प्रधानाङ्ग श्रेष्ठको ९ वर्षको तलब रु. |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | प्रतिवादी ज्ञानकृष्ण श्रेष्ठले यस शीर्षकमा आयोगले गणना गरेभन्दा बढी रु. १२,३७,९६५।- रकम प्राप्त गरेको भनी जिकिर लिएता पनि सो कुरालाई पुष्टि हुने कुनै प्रमाण पेश गरेको नदेखिँदा आयोगबाट कायम भएको जम्मा रु. ६०,२२५।९० मात्र निजको आयमा समावेश हुने देखिएको।<br>**(ङ) प्रतिवादी रामकृष्ण श्रेष्ठको पारिश्रमिक बचतः**<br>(अ) यस शीर्षकमा आयोगबाट प्रतिवादी रामकृष्ण श्रेष्ठको जाँच अवधिमा जम्मा रु. १४,३९,८६७।७५ कायम गरिएकोमा निज प्रतिवादीले मध्यपुर अस्पताल लगायतका अस्पतालमा काम गरेवापतको पारिश्रमिक सही रुपमा गणना गर्नुपर्ने भनी जिकिर लिएको। यस सम्बन्धमा, प्रतिवादीले बयानसाथ पेश गरेको लिखत र अदालतको आदेशानुसार प्राप्त मध्यपुर अस्पताल प्रा.लि., शंखधर चोक, मध्यपुर थिमि, भक्तपुरको च.नं. ५६ मिति २०७८/०४/३१ र मिति २०७५/०८/१६ को पत्रबाट निज प्रतिवादीले कर कट्टा गरी कर बाहेक खुद रकम रु. ५१,६९,४३०।५७ पारिश्रमिक वापत बुझेको देखिएको; अल्का अस्पतालको पत्रबाट निजले कर कट्टी गरी जम्मा रु. २,०९,९३७।–प्राप्त गरेको देखिएको र आन्तरिक राजश्व कार्यालय, भक्तपुरको च.नं. १०१११ मिति २०७५/०९/०२ को पत्रबाट निज प्रतिवादी समेतलाई पारिश्रमिक भुक्तानी गर्दा कर कट्टा गरिएको देखिएको।<br>(आ) मध्यपुर अस्पताल र अल्का अस्पतालबाट प्राप्त कर बाहेकको जम्मा पारिश्रमिकमा जीवनयापन वापतको १५% कटाउँदा जम्मा रु. ३६,१८,६०१।– बचत हुने देखिई सो रकम प्रतिवादीको आयमा गणना हुने देखिएको। | ५७,८६,८६०।-; पूर्णकालीन रुपमा Pharmacy Assistant को पदमा कार्यरत निज प्रतिवादीकी श्रीमति तारादेवी श्रेष्ठको ६ वर्षको तलब रु. ६,३२,२००।- र पार्ट टाइम रुपमा Supervisor पदमा कार्यरत स्वयं प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठको ७ वर्षको तलब रु. ४७,९०,६४०।– रहेको देखिएकोमा प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठको आ.व. २०७४/०७५ मा मात्र वार्षिक तलब रु. २४,४६,२४०।– रहेको भन्ने प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठको जिकिर रहेको।<br>(इ) यस्तो पृष्ठभूमिमा दायर गरिएको प्रस्तुत मुद्दामा आयोगबाट यी प्रतिवादी उपर गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको सम्बन्धमा अनुसन्धान गरी तामेलीमा राखेपछि निज प्रतिवादी र निजका एकासगोलको परिवारका सदस्यहरु समेत मुख्य शेयरधनी रहेको उक्त अस्पताल ऋणात्मक अवस्थामा र घाटामा सञ्चालित भएको अवस्थामा पनि निज प्रतिवादीले आफ्नो गैरकानुनी सम्पत्तिलाई वैद्य कायम गर्न बदनियतपूर्वक अस्वभाविक, अव्यवहारिक र असान्दर्भिक रुपमा निज प्रतिवादीले र निजका एकासगोलको परिवारका सदस्यहरु/प्रतिवादीहरु समेतले ठूलो अङ्कमा तलब भुक्तानी लिएको देखिँदा सम्मानित अदालतबाट आयोगले कायम नै नगरेको प्रतिवादीहरु ज्ञानकृष्ण श्रेष्ठ, रामकृष्ण श्रेष्ठ र रविना प्रधानाङ्ग श्रेष्ठको उक्त अस्पतालको पारिश्रमिक बचत रकम भनी प्रतिवादीको जिकिर बमोजिम आयमा गणना गरिनु सो हदसम्म त्रुटिपूर्ण रहेको।<br>**(ग) घर/जग्गा, फ्ल्याट र सवारी साधन बिक्रीबाट प्राप्त आयः**<br>(अ) प्रस्तुत मुद्दामा प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठ समेतको सम्पत्तिको आय/व्यय प्रवाह विवरण तयार गर्ने क्रममा निज प्रतिवादी समेतको आय भएको रकम भन्दा व्यय भएको रकम बढी भएकोमा र निज समेतले उक्त रकमको स्रोत समेत पुष्टि गर्न नसकेकोमा सोही बिन्दुसम्म एक जाँच अवधि कायम गर्दा नगद प्रवाह विभिन्न ३९ खण्डमा वर्गीकरण गरी ३९ वटा जाँच अवधि कायम गरिएको हो (गैरकानूनी सम्पत्ति छानबिन तथा अनुसन्धान कार्यविधि, २०७५ को दफा १०(३)(ड) बमोजिम) र कायम गरिएको जाँच अवधि निश्चित समयको आधारमा हुने भन्ने पनि होइन। उक्त जाँच अवधिको अन्य कुनै मापदण्ड रहेको भन्ने पनि छैन। यसरी, आय भएको रकम भन्दा व्यय भएको रकम बढी भएको र त्यस्तो बढी हुन गएको रकमको स्रोत पुष्टि हुन नसकेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | **(च) प्रतिवादी रविना प्रधानाङ्ग श्रेष्ठको पारिश्रमिक बचतः**<br>(अ) यस शीर्षकमा आयोगबाट प्रतिवादी रविना प्रधानाङ्ग श्रेष्ठको जाँच अवधिमा जम्मा रु. १२,६१,४२१।२२ कायम गरिएकोमा निज प्रतिवादीले धुलिखेल अस्पताल लगायतका विभिन्न निकायमा काम गरेवापतको पारिश्रमिक सही रुपमा गणना गर्नुपर्ने भनी जिकिर लिएको। यस सम्बन्धमा, प्रतिवादीहरुले बयानसाथ पेश गरेको लिखत र अदालतको आदेशानुसार प्राप्त मध्यपुर अस्पताल प्रा.लि., शंखधर चोक, मध्यपुर थिमि, भक्तपुरको च.नं. ५६ मिति २०७८/०४/३१ र मिति २०७५/०८/१६ को पत्रबाट निज प्रतिवादीले कर कट्टा गरी कर बाहेक खुद रकम रु. ५१,५४,०६८।५७ पारिश्रमिक वापत बुझेको देखिएको र आन्तरिक राजश्व कार्यालय, भक्तपुरको च.नं. १०१११ मिति २०७५/०९/०२ को पत्रबाट निज प्रतिवादीलाई पारिश्रमिक भुक्तानी गर्दा कर कट्टा गरिएको देखिएको।<br>(आ) प्रतिवादी रविना प्रधानाङ्ग श्रेष्ठले धुलिखेल अस्पतालको च.नं. ३३४ मिति २०७६/०३/०८ को पत्रबाट रु. ५,०१,७५०।-, बनेपा हस्पिटल ऐण्ड एजुकेशन फाउण्डेशन प्रा.लि.को मिति २०७५/११/२७ को पत्रबाट रु. ५,००,३२६।-, परोपकार प्रसुति तथा स्त्री रोग अस्पतालबाट रु. ६,३९,१४४।९५, च्छोरोल्पा जनरल अस्पताल (प्रा.)लि.को च.नं. ७३ मिति २०७५/११/०७ को पत्रबाट रु. ६,००,०००।– र ख्वप बहु-प्राविधिक अध्ययन संस्थानको च.नं. २८ मिति २०७५/११/०२ को पत्रबाट रु. ३,३१,५००।- पारिश्रमिक वापत प्राप्त गरेको | अवस्थामा जाँच अवधि कायम हुने देखिएको।<br>(आ) यसै सन्दर्भमा, सम्मानित सर्वोच्च अदालतबाट *नेपाल सरकार वि. युवराज शर्मा समेत* भएको गैरकानुनी सम्पत्ति भ्रष्टाचार (ने.का.प. २०६९, अंक ९, नि.नं. ८८८६) मुद्दामा *"गैरकानूनी आर्जन गरेको भनी पर्ने भ्रष्टाचारका मुद्दाहरूमा जाँच अवधिमा प्रतिवादीले आर्जन गरेको सम्पत्ति र गरेका खर्चहरूको सो अवधिमा निजलाई कानूनी रूपमा प्राप्त भएका आयहरूबाट स्रोत पुष्टि गर्न सक्नुपर्ने। आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहन्छ। त्यसैले बढेबढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभूत सम्पत्तिको स्रोत पुष्टि हुने गरी अर्थ गर्न मिल्दैन। बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिँदा परिणामतः त्यसले आधारभूत सम्पत्तिकै स्रोत पुष्टि हुनजाने अवस्था सिर्जना हुन आउँछ, जुन कानूनसम्मत हुन नसक्ने।"* भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ। त्यसैगरी, सम्मानित सर्वोच्च अदालतबाट *नेपाल सरकार वि. बद्रीनाथ श्रेष्ठ* भएको भ्रष्टाचार (ने.का.प. २०७२, अंक ८, नि.नं. ९४४९) मुद्दामा कुनै पनि व्यक्तिको नाममा रहेको सम्पत्तिबाट बढेबढाएको सम्पत्ति पनि सोही व्यक्तिको आम्दानीको स्रोत बन्न सक्ने नै हुन्छ, तर आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ। त्यस्तै, सम्मानित सर्वोच्च अदालतबाट *नेपाल सरकार वि. खुमबहादुर खड्का समेत* भएको भ्रष्टाचार (ने.का.प. २०६९, अंक ५, नि.नं. ८८३२) मुद्दामा जाँच अवधिमा खरिद गरिएको जग्गा बिक्रीबाट प्राप्त रकमलाई आयको रुपमा मान्यता दिइन्छ भने उक्त जग्गा खरिदको स्रोत पनि पुष्टि गर्नु पर्छ तथा आधारभूत सम्पत्तिको स्रोत पुष्टि भएमा उक्त सम्पत्तिबाट बढेबढाएको सम्पत्ति पनि स्वतः वैध आर्जन हुने र आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेमा त्यस्तो सम्पत्तिबाट बढेबढाएको सम्पत्ति पनि स्वतः अवैध हुने भनी सिद्धान्त प्रतिपादन भएको।<br>(इ) यसरी, खरिद तथा लगानी गरिएको सम्पत्ति बिक्री गरी आर्जन गरेको आय दावी गर्ने व्यक्तिले मूलधन अर्थात खरिद गरिएको सम्पत्तिमा भए गरेको शुरु लगानीको स्रोत पुष्टि गर्नुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठ र निजका एकासगोलको परिवारका सदस्यहरु/प्रतिवादीहरुको नाममा कायम रहेका घर/जग्गा, फ्ल्याट र सवारी साधन खरिद गर्दा प्रतिवादी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | देखिएको।<br>(ङ) प्रतिवादी रविना प्रधानाङ्ग श्रेष्ठले विभिन्न अस्पताल र संस्थाहरुबाट प्राप्त गरेको जम्मा पारिश्रमिकमा कानुनबमोजिम कर र जीवनयापन वापतको १५% कटाउँदा जम्मा रु. ४८,१९,४७३।४० पारिश्रमिक शीर्षकमा बचत हुने देखिएको।<br>**(छ) घर/जग्गा बिक्री आयः**<br>यस शीर्षकमा आयोगबाट जम्मा रु. २,७९,७३,६८३।०७ आय गणना गरिएकोमा प्रतिवादीले जम्मा रु. ७,९६,०१,३३८।— कायम हुनुपर्ने जिकिर लिएको। यस सम्बन्धमा, प्रतिवादीले अनुसन्धानको क्रममा बयान गर्दा आफ्नो र परिवारको नामको बिक्री भएको जग्गाको विवरण उल्लेख गरेको देखिएको र आरोपपत्रको पृष्ठ ६ देखि ८ सम्ममा पनि प्रतिवादीहरुले जाँच अवधिभित्र विभिन्न जग्गा विभिन्न मितिमा बिक्री गरेको स्वीकार गरेको देखिएको अवस्थामा प्रतिवादीको जाँच अवधिको समग्र आय व्ययको गणना नगरी आय पुगे/नपुगेको भनी यकिन गर्न नसकिने हुँदा आयोगबाट प्रतिवादीको उक्त सम्पत्तिको स्रोत नपुगेको भनी सबै आय गणना नगरेको दाबीसँग सहमत हुन नसकिएकोले आयोगले प्रतिवादी र निजका परिवारका सदस्यले बिक्री गरेको आरोपपत्रमा उल्लेख गरेको सम्पत्ति प्रतिवादीको आयमा समावेश हुने देखिई प्रतिवादीको घर/जग्गा बिक्री आय शीर्षकमा आयोगबाट गणना गरिएको अंक रु. २,७९,७३,६८३।०७ उपयुक्त नदेखिँदा आयोगले आरोपपत्रमा देखाएको र प्रतिवादीले जिकिर लिएको फ्ल्याट बिक्री बाहेक घर/जग्गा बिक्री वापतको सम्पूर्ण रकम जम्मा रु. ६,४५,६७,५९९।- नै प्रतिवादीको आयमा गणना हुने देखिएको।<br>**(ज) फ्ल्याट बिक्री आयः**<br>यस शीर्षकमा आयोगबाट जम्मा रु. | श्यामकृष्ण च्वामू श्रेष्ठ समेतको स्रोत खुलेको अर्थात् वैद्य बचत मौज्दात आयले खामेको नदेखिँदा आयोगबाट यस शीर्षकहरुमा प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठ समेतको स्रोत खुलेको अर्थात् वैद्य बचत मौज्दात आयबाट बढेको रकमलाई मात्र मूल्याङ्कन गरी समावेश गरिएको हो। घर/जग्गा, फ्ल्याट र सवारी साधन बिक्रीबाट प्राप्त आय शीर्षकहरुमा सम्मानित अदालतबाट प्रतिवादीको जाँच अवधिको समग्रमा आय व्ययको गणना नगरी आय पुगे/नपुगेको भनी यकिन गर्न नसकिने हुँदा आयोगको दावीसँग सहमत हुन नसकिएको भनी प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठ र निजका एकासगोलको परिवारका सदस्यहरु/प्रतिवादीहरुको नाममा कायम रहेका घर/जग्गा, फ्ल्याट र सवारी साधन खरिद भएको बखत आधारभूत सम्पत्तिको स्रोत पुष्टि नभएको र वैद्य बचत मौज्दात आयले खामेको नदेखिएको अवस्थामा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा मान्यता विपरीत घर/जग्गा बिक्री वापत रु. ६,४५,६७,५९९।-; फ्ल्याट बिक्री वापत रु. १,७९,५०,०००।- र सवारी साधन बिक्री वापत रु. १,४४,००,०००।– सम्पूर्ण रकम प्रतिवादीको आयमा गणना गरिएको अवस्था छ। अनुसन्धानको क्रममा आयोगले स्रोत पुष्टि भएको र वैद्य बचत मौज्दात आयले खामेको घर/जग्गा, फ्ल्याट र सवारी साधनको क्रमशः रु. २,७९,७३,६८३।०७, रु. १,५७,८७,३२०।— र रु. ५४,१६,३१०।— रकमलाई मात्र निज प्रतिवादीको आयमा गणना गरिएकोमा सोभन्दा फरक गैरकानूनी सम्पत्ति छानबिन तथा अनुसन्धान कार्यविधि, २०७५ को दफा १७ र माथि उल्लिखित सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादन भएको सिद्धान्तको विपरीत प्रतिवादीहरुको स्रोत पुष्टि नभएको र वैद्य बचत मौज्दात आयले नखामेको चल अचल सम्पत्ति बिक्री गर्दा प्राप्त रकमलाई समेत आयको रुपमा गणना गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।<br>**(घ)** प्रस्तुत मुद्दामा आयोगले कायम गरेको आय रकमभन्दा फरक आय अंक गणना गरी सम्मानित अदालतबाट प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठको कमिशन रु. ३५,७०४।-; बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण रु. ४,५४,७६,४३९।— र घर बहाल आय रु. ४०,०५,०००।— आयको रुपमा कायम गरिएको सम्बन्धमा वादीको अन्यथा जिकिर रहेको नदेखिएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | १,५७,८७,३२०।- आय गणना गरिएकोमा प्रतिवादीले बिक्री बमोजिमको सबै रकम कायम हुनुपर्ने जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, आरोपपत्रमा फ्ल्याट नं. १०१ रु. २६,००,०००।–मा बिक्री भएको स्वीकार गरेको अवस्थामा पनि सो फ्ल्याट खरिद गर्दा १६.९२% को मात्र स्रोत पुगेको भनी सोको रु. ४,७७,०००।– रकमलाई मात्र गणना गरेको देखिँदा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त बमोजिम आरोपपत्रको पृष्ठ ७ मा प्रतिवादीको फ्ल्याट नं. १०१, ११३, १२४ र १४७ क्रमशः रु. २६,००,०००।-, रु. ५९,००,०००।-, रु. ४९,५०,०००।– र रु. ४५,००,०००।– बिक्री गरेको उल्लेख भएको अवस्थामा उक्त फ्ल्याटहरुको जम्मा बिक्री मूल्य रु. १,७९,५०,०००।– रकम प्रतिवादीहरुको आयमा गणना हुने नै देखिएको।<br>**(झ) बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणः**<br>यस शीर्षकमा आयोगबाट जम्मा रु. ३,४७,७६,४३९।- कायम गरिएकोमा प्रतिवादीहरुले जम्मा रु. ६,००,९७,०००।— ऋण नै आयमा कायम हुनुपर्ने जिकिर लिएको। यस सम्बन्धमा, मिसिल संलग्न र प्रतिवादीबाट पेश भएका प्रमाण कागजातबाट प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठले कैलाश विकास बैंक लि.को मिति २०७४/१२/२७ गतेको पत्रबाट रु. ७५,००,०००।— र प्रतिवादी ज्ञानकृष्ण श्रेष्ठले प्रभु बैंक लि.को मिति २०७५/०८/०२ गतेको पत्रबाट रु. १७,००,०००।— लिएको ऋण समेत थप गर्दा प्रतिवादीहरुले विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट जम्मा रु. ४,५४,७६,४३९।— ऋण लिएको देखिँदा उक्त ऋण प्रतिवादीहरुको आयमा गणना हुनुपर्ने देखिएको।<br>**(ञ) घर बहाल आयः**<br>यस शीर्षकमा आयोगबाट जम्मा रु. | **(ङ) आयोगले गणना नगरेका तर प्रतिवादीहरुले जिकिर लिएका निम्न आय शीर्षकहरुको सम्बन्धमाः**<br>**(अ) कृषि आयः**<br>▪ प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठले बाजे-बुवाको पालादेखि श्रीमति, छोरा-छोरी, भाईहरु एकासगोलमा रहँदा/बस्दासम्म वार्षिक रु. २,२६,०००।— का दरले करिब १० वर्षको कृषि आय रु. २२,६०,०००।— गणना हुनुपर्ने जिकिर लिएकोमा सम्मानित अदालतबाट उक्त शीर्षकमा रु. १७,०२,८१७।— कायम गरिएको देखिन्छ। यस सम्बन्धमा, प्रतिवादीहरु राष्ट्रसेवक कर्मचारी, डाक्टर तथा अन्य सेवा/पेशामा कार्यरत रहेको; प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठको छोरी सन्ध्या श्रेष्ठ डाक्टर पेशामा रहेको तथा छोराहरु प्रभात श्रेष्ठ विदेश अमेरिकामा र दिवा श्रेष्ठ विद्यार्थी रहेको र प्रतिवादीको अधिकांश जग्गा सहरी क्षेत्रमा घडेरीयोग्य रहेको देखिएको अवस्थामा व्यवसायिक रुपमा कृषि बाली लगाई आय प्राप्त भएको भन्ने कुरा प्रथम दृष्टिमा नै विश्वसनीय देखिँदैन। यसै सन्दर्भमा, सम्मानित सर्वोच्च अदालतबाट *लीलाराज गौतम समेत वि. नेपाल सरकार* भएको भ्रष्टाचार (ने.का.प. २०६९, अंक २, नि.नं. ८७७०) मुद्दामा *"कृषि आयको निर्धारण सम्बन्धमा सरकारी स्तरबाट छुट्टै वैज्ञानिक मापदण्ड निर्धारण नभएको स्थितिमा त्यसको आय निर्धारण गर्नुपर्ने स्थिति सिर्जना भएमा सरकारी स्तरबाट नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मोहीले जग्गाधनीलाई बुझाउनु पर्ने कुतको दरलाई नै कृषि आय निर्धारण गर्ने आधार बनाउनु पर्ने।"* भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ। सोही मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट *"घडेरी प्रयोजनका लागि खरीद भएका जग्गाहरू आयस्रोत बढाउने उद्देश्यले व्यावसायिक रुपमा धान र गहुँलगायत तरकारी उत्पादनको खेती गर्ने कार्य गरेको भनी वस्तुनिष्ठ आधारबिना जिकीर गरेकै भरमा विश्वास गर्न नसकिने।"* भन्ने सिद्धान्त समेत प्रतिपादन भएको।<br>▪ यसरी, प्रतिवादीले यस शीर्षकमा कायम गरिएको रकमको वैद्य स्रोत तथा वस्तुनिष्ठ प्रमाण पेश गर्न नसकेको र कृषि आय निर्धारण गर्ने यथार्थपरक आधार समेत नखुलाई सम्मानित अदालतबाट प्रतिवादीहरुको नाममा करिब ४ रोपनीभन्दा बढी खेतियोग्य जग्गा आरोपपत्रमा उल्लेख भएको भनी रु. १७,०२,८१७।— कायम गरिनु त्रुटिपूर्ण देखिएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ३४,००,०००।— आय गणना गरिएकोमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त बमोजिम प्रतिवादीले मध्यपुर नगरपालिकाको कि.नं. ८०७ को घर बहाल सम्झौता, कर बुझाएको निवेदन र भौचर पेश गरेको देखिँदा घर बहाल आय शीर्षकमा प्रतिवादीको जिकिर बमोजिम जम्मा रु. ४०,०५,०००।— कायम हुने देखिएको।<br>**(ट) सवारी साधन बिक्रीबाट प्राप्त आयः**<br>यस शीर्षकमा आयोगबाट जम्मा रु. ५४,१६,३१०।— आयमा गणना गरिएकोमा प्रतिवादीले जम्मा रु. १,६१,८५,०००।— आयमा कायम हुनुपर्ने जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, प्रतिवादीले पेश गरेका कागज प्रमाणहरु र यातायात व्यवस्था कार्यालयको मिति २०७५/०९/०५ को पत्रबाट प्रतिवादीहरुले बा. ६ च ९५०९, बा. ६ च ६६८४, बा. ६ च ६४४६, बा. १ च ८४२४, बा. ५ च ८४९७ समेतका सवारी साधनहरु विभिन्न व्यक्तिहरु र संस्थाहरुलाई जम्मा रु. १,४४,००,०००।— मा बिक्री गरेको देखिएकोले सो हदसम्म प्रतिवादीको सवारी साधन बिक्रीबाट प्राप्त आय शीर्षकमा गणना हुने देखिएको।<br>(ठ) प्रतिवादी र एकासगोलको परिवारको जाँच अवधिको समग्र आय सम्बन्धमा आयोगबाट सन्ध्या श्रेष्ठको पारिश्रमिक बचत रु. ३,७६,०८१।०५; प्रतिवादी तारादेवी श्रेष्ठको पारिश्रमिक बचत रु. ५,३३,६७५।९०; प्रतिवादी ज्ञानकृष्ण श्रेष्ठको औषधी उपचार वापत प्राप्त रु. ३,७३,३६९।— र निज प्रतिवादीको पेन्सन रु. १०,३६,९९५।७५ कायम भएकोमा प्रतिवादीहरुको फरक जिकिर नभई मुख मिलेकै देखिएको।<br>**(ड) आयोगले गणना नगरेका तर प्रतिवादीहरुले जिकिर लिएका निम्न आय शीर्षकहरुको सम्बन्धमाः** | (आ) आयोगले गणना नगरेका तर प्रतिवादीहरुले जिकिर लिएका शेयर बिक्री, पसल व्यवसाय र सामग्री बिक्री आय शीर्षकहरुमा सम्मानित अदालतबाट प्रतिवादीहरुको जिकिर बमोजिमको रकमलाई प्रतिवादीहरुको आयमा गणना गरिएको छैन। सम्मानित अदालतबाट प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठको प्रोत्साहन भत्ता वापत रु. ६,२०,७३४।— आयमा कायम गरिएको सम्बन्धमा वादीको अन्यथा जिकिर नरहेको।<br>• <u>**व्ययतर्फः**</u><br>प्रस्तुत मुद्दामा आयोगले कायम गरेको व्यय रकमभन्दा फरक व्यय अंक गणना गरी सम्मानित अदालतबाट प्रतिवादीको घर निर्माण खर्च रु. ३,५६,२९,६२९।-; विभिन्न कम्पनीहरुमा गरेको लगानी रु. ५,३५,१८,०००।— र बैंक मौज्दात रु. ३६,२४,४५८।— व्ययमा कायम गरिएको सम्बन्धमा र प्रतिवादीले अन्यथा जिकिर लिए तापनि सम्मानित अदालतबाट आयोगको गणना बमोजिम नै कर भुक्तानीमा भएको खर्च रु. ३,५५,४१४।३९; जग्गा खरिदमा रु. २,४६,३९,३२५।-; फ्ल्याट खरिदमा रु. ९२,२२,७५०।— र ऋणको भुक्तानी अन्तर्गत रु. ३,७४,४४,८०६।५१ व्ययमा कायम गरिएको सम्बन्धमा वादीको अन्यथा जिकिर रहेको छैन। साथै, आयोगबाट छोरा/छोरीको अध्ययन खर्च रु. १०,६८,४०३।-; बकसपत्र तथा अंशवण्डाको रजिष्ट्रेशन दस्तुर रु. ७१,९५०।-; शेयर खरिदमा रु. ३५,०००।— र सवारी साधन खरिद अन्तर्गत रु. २,२६,१६,०००।— व्यय कायम गरिएकोमा प्रतिवादीले अन्यथा जिकिर नलिई मुख मिलेकै देखिएको।<br>• <u>**प्रतिवादीले खरिद गरिएका सम्पत्ति मध्ये स्रोत नखुलेका सम्पत्ति बिक्री गरी बढे बढाएका सम्पत्तिको सम्बन्धमाः**</u><br>• प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठ र निजका एकासगोलको परिवारका सदस्यहरु/प्रतिवादीहरुको नाममा कायम रहेका घर/जग्गा, फ्ल्याट र सवारी साधन खरिद भएको बखत आधारभूत सम्पत्तिको स्रोत पुष्टि नभएको र वैद्य बचत मौज्दात आयले खामेको नदेखिएको अवस्थामा माथि नै विश्लेषण गरिए बमोजिम प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठ समेतले खरिद गरिएका सम्पत्ति मध्ये स्रोत नखुलेका सम्पत्ति बिक्री गरी रु. ४,४९,७७,४९०।- बराबरको सम्पत्ति बढे-बढाएको पुष्टि भएको।<br>अतः माथि विवेचित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट आयोगको मागदावी तथा जिकिर, प्रतिवादीहरुको जिकिर र सम्मानित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | **(अ) शेयर बिक्रीः**<br>प्रतिवादीले यस शीर्षकमा जम्मा रु. ४९,२३,९००।— गणना हुनुपर्ने जिकिर लिएकोमा निजले शेयर बिक्री गरेको पुष्टि हुने कुनै प्रमाण पेश नगरेकोले सो शीर्षकमा आय गणना गर्न मिल्ने नदेखिएको।<br>**(आ) कृषि आयः**<br>प्रतिवादीले यस शीर्षकमा जम्मा रु. २२,६०,०००।— गणना हुनुपर्ने जिकिर लिएकोमा आरोपपत्रको पृष्ठ ४ देखि ९ सम्ममा प्रतिवादीहरुको नाममा करिब ४ रोपनीभन्दा बढी खेतियोग्य जग्गा रहेको देखिँदा सर्वोच्च अदालतबाट प्रतिपादित न्यायिक सिद्धान्त बमोजिम जाँच अवधिभरीमा कृषि आयमा जम्मा रु. १७,०२,८१७।— गणना हुने देखिएको।<br>**(इ) पसल व्यवसायः**<br>प्रतिवादीले यस शीर्षकमा जम्मा रु. १३,०५,०००।— गणना हुनुपर्ने जिकिर लिएकोमा सबै प्रतिवादीहरु पूर्णकालीन रुपमा अन्य पेशामा आवद्ध देखिँदा आफैले पसल व्यवसाय गर्न सक्ने अवस्था नदेखिएको र प्रतिवादीहरुले के-कस्तो पसल व्यवसाय, के-कुन ठाँउमा, को मार्फत्, के-कुन समयमा सञ्चालन गरेको हो, सोको पुष्टि हुने प्रमाण, पसल दर्ताको प्रमाण र कर तिरेको प्रमाण समेत पेश गरेको नदेखिँदा सो शीर्षकमा प्रतिवादीको आय गणना गर्न मिल्ने नदेखिएको।<br>**(ई) सामग्री बिक्रीः**<br>प्रतिवादीहरुले यस शीर्षकमा मध्यपुर अस्पताल स्थापनाको बखत विभिन्न उपकरण वा सामानहरु उक्त अस्पतालमा हस्तान्तरण गरी लगानी गरेकोले उक्त सामान वापत जम्मा रु. १,२२,०८,८५५।- गणना हुनुपर्ने जिकिर लिएकोमा प्रतिवादीहरुले उक्त अस्पताललाई हस्तान्तरण गरेका सामानहरु खरिद गर्दाको खर्च अर्थात व्ययमा नदेखिएकोले सोको स्रोत पुष्टि नहुँदा उक्त रकम प्रतिवादीहरुको आयमा | अदालतको मूल्याङ्कन समेतका आधारमा प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठ र निजका एकासगोलका परिवारका सदस्यको जाँच अवधिको समग्र व्यय जम्मा **रु. १८,८२,२५,७३५।९० (अक्षरुपी अठार करोड बयासी लाख पच्चिस हजार सात सय पैंतिस रुपैयाँ र नब्बे पैसा)** र जाँच अवधिको समग्र वैधानिक आय **रु. १०,८२,६०,४८४।४४ (अक्षरुपी दश करोड बयासी लाख साठी हजार चार सय चौरासी रुपैयाँ र चौवालिस पैसा)** देखिएकोले प्रतिवादीले **रु. ७,९९,६५,२५१।४६ (अक्षरुपी सात करोड उनान्सय लाख पैसाठी हजार दुई सय एकाउन्न रुपैयाँ र छयालिस पैसा)** बराबरको रकमको स्रोत पुष्टि गर्न सकेको नदेखिँदा र उक्त स्रोत नखुलेको सम्पत्तिबाट बढेबढाएको सम्पत्ति **रु. ४,४९,७७,४९०।- (अक्षरुपी चार करोड उनन्चास लाख सतहत्तर हजार चार सय नब्बे रुपैयाँ)** समेत गरी कूल जम्मा बिगो **रु. १२,४९,४२,७४१।४६ (अक्षरुपी बाह्र करोड उनन्चास लाख बयालिस हजार सात सय एकचालिस रुपैयाँ र छयालिस पैसा)** बराबरको सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको पुष्टि भएको देखिन्छ। सम्मानित विशेष अदालतबाट प्रतिवादीको स्रोत नखुलेको **रु. २,२८,७४,१३२।२० (अक्षरुपी दुई करोड अठ्ठाईस लाख चौहत्तर हजार एक सय बत्तीस रुपैयाँ र बीस पैसा)** बराबरको सम्पत्ति मात्र कायम हुने ठहरी भएको त्रुटिपूर्ण फैसला बदर गरी मिसिल संलग्न माथि विवेचित प्रमाणहरुबाट आयोगको मागदावी तथा जिकिर, प्रतिवादीको जिकिर र सम्मानित विशेष अदालतको मूल्याङ्कन समेतका आधारमा प्रतिवादीको आय र व्यय कायम गरी सो हदसम्म फैसला गरी पाउन सादर अनुरोध छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | पनि गणना गर्न मिल्ने नदेखिएको।<br>**(उ) प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठको प्रोत्साहन भत्ताः**<br>प्रतिवादी श्यामकृष्ण च्वामू श्रेष्ठले अर्थ मन्त्रालयअन्तर्गत काम गर्दाको प्रोत्साहन भत्ता, खाजा भत्ता र दशैं भत्ता गरी जम्मा रु. ९,७२,०१८।— आयमा समावेश हुनुपर्ने जिकिर लिएकोमा प्रतिवादीले पेश गरेका प्रमाण र अदालतको आदेशानुसार प्राप्त कागजातका आधारमा प्रतिवादीले सो वापत जम्मा रु. ६,२०,७३४।— प्राप्त गरेको देखिँदा सो रकम प्रतिवादीको आयमा गणना हुने नै देखिएको।<br><br>• <u>व्ययतर्फः</u><br>**(क) कर भुक्तानीमा भएको खर्चः**<br>प्रतिवादीले यस शीर्षकमा रु. ३०,१२,२५१।— कायम गर्नुपर्ने भनी जिकिर लिएकोमा मिसिल संलग्न कर कार्यालयहरु तथा विभिन्न निकायहरुबाट प्राप्त पत्र समेतबाट आयोगको गणना बमोजिम रु. ३,५५,४१४।३९ रकम नै कर भुक्तानी गरेको देखिँदा उक्त रकम नै मनासिब देखिएको।<br>**(ख) घर निर्माण खर्चः**<br>यस शीर्षकमा आयोगबाट प्रतिवादीको जाँच अवधिमा जम्मा रु. ३,८६,१५,८८९।१७ मात्र खर्चमा गणना गरिएकोमा प्रतिवादीले जम्मा रु. १,०४,८४,०००।— मात्र कायम हुनुपर्ने जिकिर लिएको। यस सम्बन्धमा, व्यक्ति आफैले आफ्नो हेरचाहमा निर्माण गरेको घरको आधारभूत लागत ओभरहेड कस्ट १५% र ठेक्का कर ५% गरी २०% घटाउनुपर्ने न्यायिक अभ्यास बमोजिम प्रतिवादीले उक्त घरहरु आफैले बनाएको अवस्था देखिँदा आयोगबाट कायम भएको निर्माण लागत रु. ३,८६,१५,८८९।१७ मा २०% ओभरहेड कस्ट समेत घटाउँदा जम्मा रु. ३,५६,२९,६२९।— | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | घर निर्माण खर्च हुने देखिएको।<br>**(ग) जग्गा खरिदः**<br>यस शीर्षकमा आयोगबाट जम्मा रु. २,४६,३९,३२५।— खर्चमा गणना गरिएकोमा प्रतिवादीले सोभन्दा बढी जम्मा रु. २,५३,३०,१४४।— कायम हुनुपर्ने जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, सर्वोच्च अदालतबाट विभिन्न मुद्दाहरुमा जग्गा खरिद बिक्री गर्दा हुने खर्च एवम् आम्दानी यकिन गर्दा लिखतमा अङ्कित मूल्यलाई आधार मानी गणना गर्नुपर्ने सिद्धान्त प्रतिपादित भएको अवस्थामा प्रस्तुत मुद्दामा पनि पारित लिखतमा जम्मा रु. २,४६,३९,३२५।— उल्लेख भएको देखिँदा सोही बमोजिम आयोगबाट गणना भएबमोजिमको रकम खर्च कायम हुने देखिएको।<br>**(घ) फ्ल्याट खरिदः**<br>यस शीर्षकमा प्रतिवादीले सोभन्दा कम जम्मा रु. ८६,४५,४९०।— मात्र कायम हुनुपर्ने जिकिर लिएकोमा मिसिल संलग्न पारित लिखतहरुबाट प्रतिवादीहरुले खरिद गरेका फ्ल्याट नं. १०१, ११३, १२४ र १४७ को खरिद मूल्य रु. ९२,००,०००।— र रजिष्ट्रेशन दस्तुर रु. २२,७५०।— देखिँदा आयोगबाट यस शीर्षकमा जम्मा रु. ९२,२२,७५०।— कायम गरी गरिएको गणनालाई अन्यथा भन्न सकिने अवस्था नदेखिएको।<br>**(ङ) विभिन्न कम्पनीहरुमा गरेको लगानीः**<br>यस शीर्षकमा आयोगबाट जम्मा रु. ५,४७,६८,०००।— लगानीमा गणना गरिएकोमा प्रतिवादीहरुले सोभन्दा कम जम्मा रु. ४,३०,२३,३५०।— मात्र कायम हुनुपर्ने जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, मिसिल संलग्न कम्पनी रजिष्ट्रारको कार्यालय को च.नं. ४५७ मिति २०७९/०६/०२ को पत्रबाट प्रतिवादी रेखा श्रेष्ठले फूलबारी भञ्ज्याङ्ग रिसोर्ट प्रा.लि.मा लगानी | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | गरेको रु. ५०,००,०००।— मध्ये चुक्ता पूँजी रु. ३७,५०,०००।-; प्रतिवादीहरु रविना प्रधानाङ्ग श्रेष्ठ, रामकृष्ण श्रेष्ठ, ज्ञानकृष्ण श्रेष्ठ र श्यामकृष्ण च्वामू श्रेष्ठले मध्यपुर अस्पतालमा शेयर भुक्तानी गरेको क्रमशः रु. १,८३,०४,२००।-, रु. ९६,४३,६००।-, रु. ८२,८४,६००।— र रु. ५५,४७,६००।— र प्रतिवादी ज्ञानकृष्ण श्रेष्ठले नमोबुद्ध एग्रो प्रा.लि.मा गरेको लगानी रु. १०,००,०००।— समेत गरी जम्मा रु. ५,३५,१८,०००।— कायम हुने देखिएको।<br>**(च) ऋणको भुक्तानीः**<br>यस शीर्षकमा प्रतिवादीले जम्मा रु. ३,५३,०७,८१०।— मात्र कायम हुनुपर्ने जिकिर लिएकोमा आरोपपत्रको पृष्ठ २३ र २४ मा प्रतिवादीले के-कुन मितिमा के-कति सावाँ व्याज भुक्तानी गरेको हो भनी फेहरिस्त देखाई सोही आधारमा गणना गरेको देखिँदा उक्त गणनालाई हचुवा र अवास्तविक भन्न मिल्ने नदेखिएकोले आयोगबाट गणना गरिएको प्रतिवादीको यस शीर्षक अन्तर्गतको जम्मा रु. ३,७४,४४,८०६।५१ खर्च यथार्थ नै देखिएको।<br>**(छ) बैंक मौज्दातः**<br>आयोगबाट यस शीर्षकमा जम्मा रु. ८६,१८,२७८।— गणना गरिएकोमा प्रतिवादीहरुले जम्मा रु. १७,५९,४४२।— मात्र गणना हुनुपर्ने जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, अदालतको आदेशानुसार सम्बन्धित बैंकहरुबाट प्राप्त पत्र, स्टेटमेन्ट समेतका आधारमा प्रतिवादीहरुको विभिन्न बैंक खाताहरुमा रु. ३६,२४,४५८।— मौज्दात देखिँदा सोही बमोजिमको रकम गणना हुन मनासिब देखिएको।<br>**(ज)** प्रतिवादी र एकासगोलको परिवारको जाँच अवधिको समग्र व्यय सम्बन्धमा आयोगबाट छोरा/छोरीको अध्ययन खर्च रु. १०,६८,४०३।-; बकसपत्र तथा | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | अंशवण्डाको रजिष्ट्रेशन दस्तुर रु. ७१,९५०।-; शेयर खरिदमा रु. ३५,०००।— र सवारी साधन खरिद अन्तर्गत रु. २,२६,१६,०००।— कायम गरिएकोमा प्रतिवादीले अन्यथा जिकिर लिएको नदेखिएको र दुवै पक्षको कुरा मिलेकै देखिएको। | |